# मोहन्याल गाउँपालिका

# आर्थिक वर्ष २०७९/०८०

**को**

**नीति, कार्यक्रमतथाबजेट**

**मोहन्याल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खिमडी, कैलाली**

सुदूरपश्चिम प्रदेश, नेपाल


Website :www.mohanyalmun.gov.np
Email :ito.mohanyalmun@gmail.com


**असार २०७९**

**मोहन्याल गाउँपालिकाको १० औं गाउँसभाको अधिवेशनमा का.बा. अध्यक्ष श्री कमल बहादुर साउँदद्वारा प्रस्तुत आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम**

“हामी सबैको चाहना,विकसित मोहन्याल, समृद्ध मोहन्याल”

गाउँसभाका सम्पूर्ण नवनिर्वाचित सदस्यज्यूहरु, उपस्थित अतिथिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, मोहन्याल गाउँपालिकावासी आमा-बुबा, दिदीबहिनी तथा दाजुभाइहरु, उपस्थित महानुभावहरु तथा पत्रकार मित्रहरु,

संघीय लोकतिन्त्रक गणतन्त्र स्थापना पश्चात् प्राप्त उपलब्धिका रुपमा २०७९ वैशाख ३० गते निर्वाचन सम्पन्न भई दोस्रो स्थानीय सरकार गठन भए पश्चात् यस मोहन्याल गाउँपालिकाको गाउँसभा र आ. व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न यहाँहरु सामु गाउँसभाको का.बा.अध्यक्षको हैसियतले उपस्थित भएको छु । म यस गरिमामय सभामा मोहन्याल गाउँपालिकावासी सम्पूर्ण आमा बुबा, दिदीबहिनी तथा दाजुभाइहरुको अमूल्य अभिमतबाट निर्वाचित भएर आउनुभएका गाउँसभाका सम्पूर्ण सदस्यहरुलाई हार्दिक बधाइ दिन चाहन्छु र सम्पूर्ण गाउँपालिकावासी जनताले आफ्ना प्रतिनिधिको रुपमा हामी माथि विश्वास प्रकट गर्नुभएकोमा कृतज्ञता व्यक्त गर्न चाहन्छु । तदनुरुप हामी स्थानीय सरकार लोकतन्त्रको लाभलाई जनतासामु वितरण गर्दै राज्यको उपस्थितिलाई जनताको घरदैलोमा पुर्याउन सदैव प्रतिबद्ध रहने कुरा जानकारी गराउन चाहन्छु ।

निरंकुश शासन प्रणालीको साथै यस चुनौती पूर्ण घडीमा गाउँ सभा लाइ सम्बोधन गरी रहदा रास्ट्रलाइ राज्य संचालन गर्ने संघिय लोक तान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुर्यौउनेक्रममा आफ्नो जिबन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रदासुमन अर्पण गर्दछु | लोक तन्त्र र जनजीविकको आन्दोलनमा अगुवाई गर्नु हुने सम्पूर्ण अग्रजको योगदानको उच्च सम्मान समेत स्मरण गर्न चाहन्छु |

मोहन्याल गाउँपालिकाकको अघिल्लागाउँसभाहरुमा पारित नीति र कार्यक्रमहरुको कार्यान्वयनको सिलसिलामा दत्तचित्त भई मोहन्यालवासी जनताको विकास प्रगतिमा अहोरात्र खटिने पूर्व जनप्रतिनिधिहरु, प्रमुख प्रशसकीय अधिकृत लगायत

कर्मचारी संयन्त्र, स्थानीय राजनीतिक दल, बुद्धिजीवी, नागरिक समाज र पत्रकारजगतको महत्वपूर्ण भूमिकालाई हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु ।
भौगोलिक रुपमा विकट र आर्थिक र सामाजिक रुपमा पिछडिएको यस मोहन्याल गाउँपालिकालाई एउटा विकसित नमूना गाउँपालिकाको रुपमा विकास गर्ने र मोहन्यालवासी जनताको रोग, भोक, अशिक्षा, गरिबी, अन्धविश्वास र पछौटेपन हटाउन म कटीबद्ध भएर यस गाउँपालिकाको उपाध्यक्ष पदमा मैले उम्मेदवारी दिएको थिएँ । मेरो सदाशयलाई अत्यधिक मत दिएर ममाथि पूर्ण भरोसा र विश्वास गरी मलाई विजय गराएर यो जिम्मेवारी सुम्पनु भएकोमा म मोहन्यालवासी जनताको सदैव ऋणी रहनेछु र कृतज्ञता पनि प्रकट गर्दछु । । यसवेला परिस्थितिवश केही समयका लागि अध्यक्षको गहन जिम्मेवारी समेत मेरो काँधमा आइपरेको छ । म गठबन्धनमा रहनुभएका साथीहरुलाई साथैमा राखी कसैलाई पक्ष र विपक्ष नभनी मोहन्यालवासी तपाई सम्पूर्ण जनताले चाहेको विकास एक सेवकको रुपमा सम्पन्न गर्न कम्मर कसेर लाग्ने प्रतिबद्धता व्यक्त गर्दछु ।मेरो यो अठोटलाई मोहन्यालवासी जनताको घरदैलोमा पुर्याई सहयोग पुर्याउनु हुने तथारचनात्मक सुझाव दिई मेरो हौसला बढाउनु हुने पत्रकार मित्रहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यस मोहन्याल गाउँपालिकाको गौरवलाई उच्च राख्न विगतमा भएका कमी कमजोरीबाट पाठ सिक्दै मोहन्यालवासीको सौहार्दपूर्ण एवं सौगातपूर्ण माया ममतालाई सधैँ प्रेरणाको रुपमा स्वीकार गर्नेछु ।
मोहन्यालको दिगो विकासलाई अघि बढाई एक समुन्नत गाउँपालिकाको रुपमा देख्न चाहने आम मोहन्यालवासीको भाग्य र भविष्यको रेखा कोर्ने आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा म एकदमै हर्षविभोर भएको छु ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विभिन्न विषयगत कानुनहरु, मोहन्यालगाउँपालिकाको आ. व. २०७८/०७९ को नीति तथा कार्यक्रम, संघीय सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, दिगो विकासको लक्ष्य र विभिन्न राजनीतिक दल, सरकारी गैरसरकारी संघ-संस्था, समाजसेवी, बुद्धिजीवी, उद्योगी व्यापारीहरुको सुझावसमेतलाई ध्यान दिई आ. व. २०७९/०८० को नीति तथा कार्यक्रम तयार पारिएको छ । गाउँ कार्यपालिकाबाट सम्पन्न हुने कार्यहरु

समन्वय, सहकार्य, साझेदारी र अनुगमनलाई मुख्य आधार बनाई कार्यान्वयन गर्न मोहन्यालगाउँपालिकाले दूरदृष्टिका साथ अघि बढ्ने लक्ष्य लिएको छ ।

आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रमको लक्ष्य सबल स्थानीय सरकार : समुन्नत, सुखी र समृद्ध पालिका रहेको छ । प्रस्तुत नीति तथा कार्यक्रम मोहन्याल गाउँपालिकाको समृद्धि र सन्तुलित विकासलाई अघि बढाउन र सिंहदरवारको अधिकार जनताको बीचमा पुर्याउन कोशेढुङ्गा सावित हुने कुरामा विश्वस्त छु । अब म चालु आर्थिक वर्षमा सम्पादन भइरहेका क्रियाकलापको रुपरेखा बुँदागत रुपमा पेस गर्ने अनुमति चाहन्छु ।

**१. चालु आ. व. २०७८/०७९ को बजेट-**

यस गाउँपालिका बाट आर्थिक वर्ष २०७८/०७९ का लागि ४५५८२७००० (पैतालिस करोड अन्ठाउन्न लाख सत्ताइस हजार मात्र )बजेट सार्वजनिक गरिएकोमा यस आर्थिक वर्षको अन्तसम्म ८९ प्रतिशत बजेट कार्यान्वयन हुने देखिएको छ ।

**२. ५ वटा सडक कालोपत्रे योजना – रु. ३३००००००/- (तिन करोड तिस लाख )**

**३. १ वटा अस्पताल निर्माण –सोल्टा रु १२११८५०००/- (एक करोड एकाइस लाख पंचासी हजार )**

**४. सार्वजनिक सेवा प्रवाह र सुशासन – रु. १००००००/- (दस लाख )**

**५. जग्गाको नाप नक्शाङ्कन – ४००००००/- (चालिस लाख )**

**६. विपद् प्रकोप राहत कोषको स्थापना – रु. २००००००/- (विस लाख )**

**७. खानेपानी योजनाहरुको निर्माण – रु. ८४०१०००/- (चौरासी लाख एक हजार )**

यस मोहन्याल गाउँपालिकाको आगामी आ. २०७९/०८० को वार्षिक वजेट तथा कार्यक्रमले आगामी दिनमा पालिकाको दिगो विकासको खाका निर्माण, स्थानीय रोजगारी र आयमूलक कार्यक्रममा विपन्न र सीमान्कृत समुदायको सहभागिता, महामारी नियन्त्रण, स्थानीय वातावरण संरक्षण, महिला, जनजाति, दलित, पिछडिएको तथा सीमान्तकृत वर्गको जीवनस्तर महसुस गर्न सकिने गरी परिवर्तन हुने अपेक्षा गरिएको छ । यसका लागि उपलब्ध साधन, स्रोतको सीमाभित्र रहेरमात्र योजना तर्जुमा हुनु आवश्यक देखिएकोले गाउँपालिकामा उपलब्ध साधन–स्रोतलाई दृष्टिगत गरी नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रयास गरिएको छ ।

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको योजना तथा बजेटतर्जुमा दिग्दर्शन, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकबाट योजना तर्जुमा कार्यतालिका तय गरी सोही **मार्गदर्शन बमोजिम निम्न प्रक्रियाहरु अपनाइएको छ :**

१. वडा स्तरबाट योजना छनोट तथा प्राथमिकीकरण गर्ने ।
२. योजनाको विषयक्षेत्रगत वर्गीकरण गर्ने ।
३. सबै वडाहरुमा जनसंख्या र भूगोलको आधारमा न्यायोचित बजेट बाँडफाँट गर्ने ।
४. लक्षितवर्गको उत्थान तथा विकासमा जोड दिई समावेशी हुने मोहन्याल गाउँपालिकाको बजेट तथा कार्यक्रमको बाँड-फाँट एवं प्राथमिकीकरण ।
५. बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकबाट योजना छनोट ।
६. गाउँ कार्यपालिकामा नीति तथा कार्यक्रममाथि छलफल ।

## नीति तथा कार्यक्रमका आधारहरु :

- नेपालको संविधानको ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहका एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यका नीति तथा निर्देशक सिद्धान्तहरु।
- संघीय सरकारले अङ्गीकार गरेको पन्ध्रौँ आवधिक योजनाले निर्धारण गरेका लक्ष्य, नीति तथा प्राथमिकताहरु।
- संघीय सरकारले अङ्गीकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु।
- सुदूरपश्चिम प्रदेश सरकारले अङ्गीकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित)।
- संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त बजेट र सो को साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनुपर्ने आधारहरु।
- राजनीतिक दलहरुबाट प्राप्त सुझावहरु।
- सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझावहरु।
- राजस्व परामर्श समितिको सिफारिस।
- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको स्रोत तथा बजेट अनुमानहरु।
- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले दिएका सुझाव र सिफारिसहरु।
- गाउँ पालिकाका विभिन्न विषयगत समितिका सिफरिसहरु।
- गाउँ कार्यपालिकाले निर्णय गरी तोकेका आधारहरु।
- विभिन्न विषयगत विज्ञहरुसँग छलफल गर्दा प्राप्त सुझावहरु।
- नेपाल सरकारले प्रतिबद्धता जनाएका दिगो विकासका लक्ष्यहरु।
- गाउँ पालिकाबाट विगतमा स्वीकृत भएका नीति, कार्यविधि, ऐन र नियमावलीहरु।
- विकास साझेदार संघसंस्थाका राय, सल्लाह र सुझावहरु।

## नीति तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रहरु :

- स्वास्थ्य तथा मानव सामर्थ्य विकास।
- कोभिड विरुद्ध खोप व्यवस्थापन तथा स्वास्थ्य सुरक्षा सामग्री व्यवस्थापन।
- कृषि उत्पादन र उत्पादकत्व वृद्धि तथा सहकारी।
- शिक्षा, युवा तथा रोजगारी।
- पूर्वाधार निर्माण तथा दिगो विकास (सडक, विद्यालय आदिका भवन, पुल पुलेसा, खानेपानी अदि)।
- उद्यम, स्वरोजगारी र सहकारिता।
- सूचना प्रविधि तथा सञ्चार क्षेत्र विकास।
- मानव ससाधन, जनशक्ति परिचालन तथा सुशासन।
- संस्कृति तथा पर्यटन क्षेत्रको प्रवर्द्धन।
- सामाजिक विकास तथा गरिबी निवारण।

- वन तथा वातारण, पर्यावरणको रक्षा, खानीजन्य पदार्थको संरक्षण र सामुदायिक वनहरुको दिगो विकास ।
- प्राकृतिक विपद्व्यवस्थापन, पुनर्स्थापन, पुनर्निर्माण तथा पूर्वतयारी ।
- अशक्त, असहाय, गरिब, अतिविपन्न, अपाङ्ग, गर्भवती महिला, ज्येष्ठ नागरिक, जस्ता व्यक्तिहरुलाई राहतका कार्यक्रम ।

अब म यस मोहन्याल गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७९/०८० को लागि विषयगत समितिहरुबाट अनुमोदन भई आएका क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

## मोहन्याल गाउँपालिका नीति तथा कार्यक्रम २०७९/०८०

### क. स्वास्थ्य

१. **स्वास्थ्य पालिकाबासी : मोहन्यालको जिम्मेवारी** कोनीनीति लिई सरल र सहज रुपमा स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक पूर्वाधार, जनशक्ति, प्रविधि र उपकरणको व्यवस्था गरिनेछ ।

२. सोल्टा अस्पताललाई स्तरउन्नती गरी विशेषज्ञ चिकित्सक द्वारा सघन उपचार(ICU) सहितको आकस्मिक सेवा संचालनमा ल्याईनेछ।

३. सोल्टामा विशषेज्ञ सहितको प्रसुति गृह सेवा संचालनमा ल्याईनेछ ।

४. पालिकास्तरीय रक्त संचार सेवा (ब्लड बैंक) संचालन गरिनेछ ।

५. वडा न. ५ को मोहन्याल स्वास्थ्य चौकीको स्तरउन्नति गरिनेछ ।

६. स्वास्थ्य सेवा को पहुच नपुगेका स्थानहरुमा स्वास्थ्य इकाई केन्द्र स्थापना गरी सेवा सुचारु गरिनेछ ।

७. पालिकामा रहेका बर्थिङ्ग सेन्टरहरुको स्तरउन्नति गरिनेछ ।

८. **उपाध्यक्ष संग सुत्केरी महिला स्वास्थ्य कार्यक्रम** अन्तर्गत सुत्केरी तथा गर्भवती आमाको लागी पोषण प्याकेजको व्यवस्था गरिनेछ ।

९. बालबालिकामा देखिएको कुपोषणको समस्या समाधान गर्न पोषण कार्यक्रम लागु गरिनेछ ।

१०. महिलाहरुको पाठेघर सम्बन्धि समस्याको उपचारको लागि पालिकाले आर्थिक सहयोग गर्नुका साथै विभिन्न सरोकारवाला संघसस्थाहरुको समन्वयमा शिविरहरु संचालन गर्न पहल गरिनेछ ।

११. सरकारी तथा सामुदायिक अस्पताल तथा किलिनिकमा रहेका प्रयोगशालालाई स्तरउन्नति गर्ने तथा आधारभूत स्वास्थ्य केन्द्रमा प्रयोगशाला सेवाका लागि पहल गरिनेछ ।

१२. खोप केन्द्र तथा गाउँघर किलिनिकका लागी आवश्यक पूर्वाधार सहित स्रोत साधनको व्यवस्थापन गरिनेछ ।

१३. मोहन्यालमा खुलेका सामुदायिक अस्पताल/ क्लिनिकलाई आवश्यक सहयोग जुटाउन पहल गरिनेछ ।

१४. सरकारी अस्पतालले निशुल्क रुपमा वितरण हुने औषधीको व्यवस्थापन गरिनेछ ।

१५.	गरिव तथा विपन्न परिवारका सुत्केरीको सुविधाका लागि घरदेखि पालिका भित्रका अस्पतालसम्म निशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ ।

१६.	गरिव तथा विपन्न परिवारका ६८ बर्ष उमेर भएका नागरीकहरुलाईपालिका भित्रका अस्पतालसम्म पुग्न एम्बुलेन्सको निशुल्क व्यवस्था गरिन्छ ।

१७.	जेष्ठ नागरिक र पूर्णरुपमा अपाङ्गता भएका व्यक्तिलाई घरदैलोमै निशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्ने ।

१८.	स्वयमसेविकाहरुको क्षमता अभिवृद्धि गरी एकमुष्ट प्रोत्साहन अनुदानदिईनेछ तथा सुनौलो अवकास योजना लागु गरी कार्यान्वयन गरिनेछ ।

१९.	स्वास्थ्य क्षेत्रका वेरोजगार दक्ष जनशक्तिलाई समूह र क्लबमा जोडेर स्वास्थ्य शिविरहरु तथा  किशोर किशोरी प्रजनन स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

२०.	स्वास्थ्य विपद तथा महामारी नियन्त्रण र व्यवस्थापनका लागि वहुपक्षीय सहकार्य, आपतकालीन स्वास्थ्य संयन्त्र तथा द्रुत प्रतिकार्य टोली बनाईने छ ।

२१.	।

२२.	बाल स्वास्थ्य, मातृ शिशु स्वास्थ्यलाई घरदैलोमा पुर्याउन सबै वडामा सुनौला हजार दिन कार्यक्रमलाई प्रभावकारी बनाउने व्यवस्था मिलाईने छ ।

२३.	महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम, बाल स्वास्थ्य तथा पोषण कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, राष्ट्रिय खोप, विशेष खोप, आईरन तथा जुकाको औषधी लगायतका राष्ट्रिय स्तरका कार्यक्रमहरु प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाको स्वास्थ्य नीति लागु गरिन्छ।

२४.	विद्यालय तथा अस्पताल क्षेत्रको निश्चित दुरीमा सुर्तिजन्य, मदिराजन्य तथा अस्वस्थकर खाना प्रयोग र विक्रि वितरण निषेध गरिनेछ ।

२५.	स्वास्थ्य क्षेत्रका सरोकारवालाहरु संग स्वास्थ्य क्षेत्रको विकासका लागी आवश्यक गोष्ठी, तालिम तथा अन्तरक्रियात्मक कार्यक्रमहरु आदि संचलान गरिनेछ ।

२६.	स्वास्थ्य सेवा र संरचनालाई बालमैत्री, लैङ्गिकमैत्री, ज्येष्ठ नागरिक मैत्री र अपाङ्गमैत्री बनाईनेछ ।

## ख. कृषि पशु तथा सहकारी

१. किसानको पहिचानका लागी किसान परिचय पत्रको व्यवस्था गरी कृषि तथा पशुपालनमा आधुनिकीकरण, व्यवसायीकरण, औद्योगिकरण तथा बजारीकरणको कार्यक्रमलाई विषेश प्राथमिकता दिईनेछ ।

२. कृषि तथा पशुविकास एकाई स्थापना गरी प्रत्येक वडामा कृषि प्राविधिकको व्यवस्था गरिनेछ।

३. प्रत्येक वडामा कृषि पकेट क्षेत्रको स्थापना गरिनेछ। बाख्रा पकेट क्षेत्र, गाइ तथा भैसी पकेट क्षेत्र, तरकारी पकेट क्षेत्र र फलफूलमा सुन्तला, नास्पति, कागती पकेट क्षेत्र, मसला पकेट क्षेत्र आदि घोषणा गरी व्यवसायिक उत्पादनलाई वढवा दिईनेछ ।
४. कृषि योग्य भूमिको पूर्ण उपयोग गरी सघन खेतीप्रणालीका माध्यमबाट कृषि उत्पादन बढोत्तरी गर्ने नीति कार्यान्वयन गरिनेछ ।
५. किसानहरुलाई मल, उन्नत बिउ बिजन तथा आधुनिक कृषि औजार समूहगत तथा व्यक्तिगतरूपमा नि:शुल्क तथा सुलभ मूल्यमा उपलब्ध गराइनेछ ।
६. गाउँपालिकाको साझेदारीमा आधुनिक कृषि औजारको व्यापक रुपमा वितरणको नीति अवलम्वन गरिनेछ ।
७. खोलाको वगर क्षेत्रमा वगर खेतीलाई प्रोत्साहित गर्दै खरबुजा, तरबुजा, बयर खेती, बेतबाँस खेती गर्न कृषकहरुलाई प्रोत्साहित गरिनेछ र निजी तथा बाँझो जग्गामा फलफूल तथा अन्य विरुवा लगाउन कृषकलाई अभिप्रेरित गरिनेछ ।
८. अलैची, स्युउ र कफी खेतीको सम्भाव्यता अध्ययन गरिनेछ ।
९. कृषकहरुलाई माटोको प्रकार र गुणस्तर पहिचान गर्न, वातावरण अनुकुल खेती गर्न मल, बिउ र प्राविधिक सेवा उपलब्ध गराईनेछ ।
१०. कृषि उत्पादनको संकलन तथा बजारीकरणको लागी कृषि संकलन केन्द्रको स्थापना गरिनेछ ।
११. तरकारी खेतीका लागी हरित गृह निर्माण, थोपा सिचाई प्रणाली र प्लास्टिक पोखरी निर्माण गर्न अनुदानको व्यवस्था गरिनेछ ।
१२. प्रांगारिक खेती प्रवर्द्धन, बिषादी न्यूनिकरणका लागी Integrated Pest Management(IPM) कृषि पाठशाला तथा सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
१३. रैथाने बिउको उत्पादन तथा संरक्षणलाई जोड दिइनेछ ।
१४. कृषि तथा पशु विमा कार्यक्रम लागु गरिनेछ ।
१५. गाउँपालिका भित्र दर्ता भएका सम्पुर्ण बाख्रा फोर्महरुको निशुल्क विमाको व्यवस्था गरिनेछ ।
१६. साना तथा निर्वाहमुखी पशुपालन गर्ने किसानलाई दाना, घास, गोठ, खोर निर्माणमा अनुदान दिने व्यवस्था मिलाईने छ ।
१७. दुग्धजन्य पदार्थको आपूर्तिका लागि आर्थिक स्तर कमजोर रहेका पशुपालक किसानहरुलाई उन्नत जातका गाई तथा भैंसीहरु ५०% अनुदान सहायता गरिनेछ ।
१८. मासु उत्पादनको लागि उन्नत जातको बाख्रा, राँगा, बोका, बंगुर, कुखुरा लगायत पशुपंक्षी पालन गर्न कृषकहरुलाई अनुदान दिई प्रोत्साहित गरिने छ ।

१९. माछापालक किसानलाई भुरा खरिद गर्न ५० प्रतिशत अनुदान प्रदान गरिनेछ ।

२०. पशु विमा, नशल सुधार, पशु सुरक्षा एंव प्रवर्द्धन कार्यक्रम संचालन गरी दुद्ध उत्पादनमा बृद्धि गर्दै बजारीकरणको सुलभ व्यवस्था गरिनेछ र जलवायू परिवर्तन, रोगको प्रकोप एंव प्राकृतिक विपतीबाट कृषि क्षेत्रमा आउन सक्ने जोखिम न्यूनिकरण गर्न कृषकहरुलाई बालि विमा गर्न प्रोत्साहित गरिनेछ ।

२१. सहज रुपमा कृषि तथा पशु स्वास्थ्य परामर्श सेवामा किसानको पहुँच बृद्धिका लागी घुम्ती कृषि तथा पशु स्वास्थ्य सेवा कार्यक्रम लागु गरिनेछ ।

२२. विदेशमा गई कृषि क्षेत्रमा काम गरी स्वदेश फर्केका यूवा कृषकलाई आफुले सिकेको सिपको आधारमा बिजनेस प्लानको मूल्याङ्कन गरी बिउँ पुँजीको व्यवस्था गरिनेछ ।

२३. गाउँपालिका कृषि राहतकोषको स्थापना गरिनेछ।

२४. आवश्यक परेको बजार केन्द्रमा हाटबजारको निर्माण तथा व्यवस्थापन गरिनेछ।

२५. पालिका भित्रका सहकारी तथा वित्तिय संस्थालाई कृषि क्षेत्रमा लगानीका लागि प्रोत्साहन गर्न विशेष नीति ल्याईनेछ।

२६. साना कृषि तथा मझौला कृषि उद्यमीको बैंक तथा वितिय संस्थाबाट प्राप्त दश लाख सम्मको सहुलियत कर्जामा लाग्ने व्याजको ४०% रकम गाउँपालिका बाट भक्तानी दिने व्यवस्था मिलाईनेछ ।

२७. कचालीमा विद्युतिय सिचाईको व्यवस्था गर्ने तथा वसन्तगडा, बडीगथाई, एमपी बजार, सातवसेरी, राताखाली, चायाभावर र बालुवागडा लगायतका क्षेत्रमा सिचाई आयोजना संचालन गरी नजिक क्षेत्रहरुमा सहज सिचाईको व्यवस्था मिलाईने छ ।

२८. विज्ञहरुको समिति गठन गरी बन्द रहेका लिफिट सिचाई आयोजनाहरुको प्राविधिक अध्ययन तथा अनुसन्धान गरिनेछ ।

२९. प्रत्येक सहकारीको लेखा प्रणालीलाई व्यवस्थित गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

३०. जलवायु परिवर्तनको अध्ययन गरी अनुकुलनका कार्यक्रमहरु संचालन गरी कृषक लगानी सुनिश्चित गरिनेछ ।

३१. कृषि क्षेत्रका सरोकारवालाहरु संग कृषि क्षेत्रको विकासका लागी आवश्यक अध्ययन भ्रमण, गोष्ठी, तालिम तथा अन्तरक्रियात्मक कार्यक्रमहरु संचलान गरिनेछ ।

३२. अध्यक्ष कृषि आधुनिकरण कार्यक्रम लाइ निरन्तरता दिइने छ |

३३. यस गाउँपालिका भित्र गरिवी निर्वरण कोष द्धरा संचालित समुदायक सस्था मा रहेको घुम्ती कोष रकम असुल गरि प्रतेक वडाका सहकारी सस्था मार्फत आयआर्जन तथा रोजगार मुलक लगानी गरिने छ|

## ग. यातायात तथा पूर्वाधार

१. **गुणस्तरीय पूर्वाधार : मोहन्यालको दिगो विकासको आधार** को मूल नीति सहित पालिका क्षेत्रको पूर्वाधार विकासलाई सेवामूलक, उत्पादनमूलक र स्थानीय अर्थतन्त्रमा टेवा पुग्ने गरी निर्माण गरिनेछ।

२. पाँच बर्षे सडक रणनीतिक योजना तयार गरी पालिका क्षेत्र भित्रका सडकहरुलाई सुदृढिकरण गर्दै कालोपत्रे गर्न जोड दिइनेछ। वातावरणमैत्री ग्रामीण सडक विस्तार, सडकहरुको कालोपत्रे र पक्की नाली निर्माण गरिने छ।

३. गाउँपालिकाको गौरवको योजनाको रुपमा पहिलो राजकाँडा, नौलाकोट, कटौँजे जोडने चुरे मार्ग र दोस्रो सोल्टा, ताम्चा, राक्सा, कोल्तडी, खिम्डी, खनिया ताल हुँदै विरखेत जोडने सडक प्राथमिकतामा राखी निर्माण कार्य सुचारु गरिनेछ।

४. प्रत्येक वडाका सडक संजाललाई विस्तार गर्न जोड दिईनेछ।

५. रिभर साइट र चुरे साइटको बाटोमा पर्ने खोलाहरुमा आवश्यक पक्कि पुलहरुको निर्माणका लागि आवश्यक पहल गरिनेछ।

६. बडपानी खोला, ताम्चा खारघाडी, जिलौटे खोला, कटौजे खोला र बोटा खोला लगायतका आवश्यक ठाउँमा झुलुङ्गे पुल निर्माणका लागि पहल गरिनेछ।

७. पट्रेनी देखी खिमडी ठुलीगाड बृहत तटबन्धन आयोजनाका लागी पहल गर्नुका साथै ठुली गाड, कर्णाली नदी र अन्य खोलाहरुले प्रभाव पारेका ठाउँका आवश्यक तटबन्धन गरिनेछ।

८. सडक तथा यातायातको पहुँच विस्तार गर्दा पानीका स्रोत, बनजंगल, प्राकृतिक स्रोत तथा धार्मिक क्षेत्रको प्रतिकुल असर नपर्ने गरी विस्तार गरिनेछ।

९. गाउँपालिकामा निर्माण हुने सडक, खानेपानी, सिचाई, अस्पताल भवन, विद्यालय भवन जस्ता पूर्वाधार निर्माण गर्दा पालिका स्तरीय, प्रदेश स्तरीय र संघ स्तरीय योजनाको रुपमा संयुक्त लगानीमा निर्माण गरिनेछ।

१०. सबै सामुदायिक विद्यालयका भवन, पुस्तकालय, शौचालय निर्माण तथा कम्पाउन्डमा पक्की पर्खाल निर्माण गरिनेछ, खानेपानीका पूर्वाधार निर्माण गरिनेछ।

११. सिमली खिमडी, बालुवागाडा कटौजे विर्खेत , तालबन्द कटौजे, फलेबिसौना सुगरखाल भात्कुरी सोल्टा ,आम्पानी राज्काडा माल्चाना ज्यामिरे कुइने, आम्गैरा सुगरखाल सेतिखोर सोल्टा र फलेबिसौना तल्लापानि सडक खण्डलाई विस्तार तथा स्तरउन्नतिका लागि बिशेष जोड दिइने छ |

## घ. खानेपानी तथा सरसफाइ

१. **स्वस्थ जीवनका लागी शुद्ध खानेपानी** नीति लिई पालिकाका संचालनमा रहेका आयोजनाको सुदृढिकरण, निर्माणाधिन आयोजनाहरु समपन्न गर्ने तथा थप आवश्यक योजनाहरुको निर्माण गरी **एक घर एक धारा** को व्यवस्था गरिनेछ ।
२. चोसेकाडा, राङ्गामलेखा, ओखडेकोट, रजमा, बासपानी, सल्लेरी, गगनपानी, कटौजे र धमकोट लगयातका क्षेत्रमा खानेपानी आयोजनाको पूर्वाधार निर्माण तथा सम्भारका लागी आवश्यक वजेट विनियोजन गरिनेछ ।
३. गाउँपालिका क्षेत्र भित्र संचालित खानेपानी आयोजनाहरुको मर्मत तथा सम्भारका लागी आवश्यक बजेट विनियोजन गरिनेछ ।
४. सम्पुर्ण पालिकाबासीलाई ५ बर्ष भित्र स्वच्छ खानेपानीको प्रबन्ध गर्न प्रदेश र संघिय सरकार संग समन्वय गरी आवश्यक बजेट बिनियोजन गरिनेछ ।
५. सरसफाई तथा खानेपानीको विकासका लागी आवश्यक गोष्ठी, तालिम तथा अन्तरक्रियात्मक कार्यक्रमहरु संचलान गरिनेछ ।
६. ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना (RVWRMP) फेज आउटको चरणमा पुगिसकेकोअवस्थामा यस पालिकामा खानेपानी क्षेत्र विकास साझेदारका रुपमा रहेको USAID कर्णाली जल परियोजनासँग समन्वय तथा साझेदारी गरी खानेपानी सुविधाबाट वञ्चित टोल, बस्ती तथा घरहरुमा खानेपानीको व्यवस्था गरिनेछ ।

## ङ. वस्ती विकास

१. सुन्दर, स्वस्थ, सुरक्षित र सुसंस्कृत समाज निर्माणका लागि एकिकृत बस्ती विकास योजना लागु गरी विकास र सुविधा संग जनताको पहुँच वृद्धि गरिनेछ ।
२. अतिविपन्नपरिवारका लागि उपाध्यक्ष आवास कार्यक्रम संचालन गरिनेछ ।
३. बहुउपयोगी यात्रु प्रतीक्षालय र ग्रामिण चोकमा चौतारीहरुको निर्माण गरिनेछ ।

## च. शिक्षा

१. **गुणस्तरीय शिक्षा : सिपयुक्त जनशक्ति** नीति लिई शिक्षण प्रणाली, प्रविधि र पूर्वाधार सुधार गर्दै नेतृत्वलाई सक्षम र जवाफदेही, शिक्षकलाई उत्पेरित र अभिभावकलाई जागरुक बनाई विद्यालयलाई सिकाई केन्द्रको रुपमा विकास गरी शिक्षित र सिपयुक्त जनशक्ती उत्पादन गरिनेछ ।
२. **सामुदायिक पुस्तकालय**को स्थापना गरिनेछ ।
३. टिनको छाना भएका विद्यालयहरुमा फल्स सिलिङ्गको व्यवस्था गर्न पहल गरिनेछ ।

४. भौतिक पूर्वाधार अपुग भएका सामुदायिक विद्यालयको पूर्वाधार (भवन, शौचालय, पुस्तकालय, वाचानालय, शुद्ध खानेपानी, हाता घेरबार- पर्खाल) विकास गरिनेछ ।

**५. गाउँपालिका क्षेत्र भित्रका सामुदायिक माध्यमिक विद्यालयहरुमा उपयुक्तता हेरी प्राविधिक धारका कक्षाहरु संचालन गर्न जोड दिईनेछ । संस्थागत विद्यालयहरुलाई समेत प्राविधिक धारका कक्षाहरु संचालन गर्न प्रेरित गरिनेछ । आवासिय प्राविधिक विद्यालयहरु स्थापनाका लागि पहल गरिनेछ ।**

६. सामुदायिक विद्यालयहरुमा कम्पियुटर शिक्षकको व्यवस्था गर्ने ।

७. बालविकास शिक्षकहरुलाई विशेष तालिमको व्यवस्था संगै पारिश्रमिक वृद्धि गरिनेछ ।

८. बालविकासका शिक्षकहरुको दरबन्दि मिलान गरिनेछ ।

९. गणित, अंग्रेजी र विज्ञान विषयमा उच्च शैक्षिक उपलब्धी दिन सफल शिक्षकहरुलाई प्रोत्साहनका अतिरिक्त थप सेवा सुविधा प्रदान गरिनेछ ।

१०. संस्थागत विद्यालयहरुको मापदण्ड निर्धारण, वर्गिकरण तथा उत्कृष्ठ विद्यालयलाई पुरष्कृत गर्ने तथा न्युनतम मापदण्ड पूरा नभएका विद्यालयहरुको अनुमति खारेजी तथा तह घटाउने नीति लिइने छ ।

११. उत्कृष्ट शैक्षिक गुणस्तर कायम गरेको तथा व्यवस्थापकीय पक्षमा उल्लेखनीय सुधार भएका विद्यालयलाई प्रोत्साहन अनुदान दिनुका साथै उक्त विद्यालयको सिकाइ तथा व्यवस्थापकीय अनुभवलाई पालिका भित्रका अन्य विद्यालयहरुमा आदान प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

१२. पालिका भित्रका विद्यालयहरुको वार्षिक योजना निर्माण गरी स्वीकृतिका लागि गाउँपालिकामा पेश गर्ने, पेश गरिएका योजनाको मूल्यांकनका आधारमा अनुदान प्रोत्साहन र अन्य कार्यक्रम दिईनेछ ।

१३. **Friday No Bag Day** अभियान संचालन गरी आत्मरक्षा तालिम, विपद व्यवस्थापन तालिम, प्राथमिक उपचार तालिम, नैतिक शिक्षा, सांस्कृतिक क्रियाकलाप, ध्यान, योग साधना, खेलकुद विकास तथा विविध प्रतियोगिता लगायत विभिन्न क्षेत्रमा सफल व्यक्तिका अनुभवहरुलाई विद्यार्थी माझ राख्ने वातावरण तयार गरी विद्यार्थीमा ज्ञान र सिप हस्तान्तरण तथा क्षमता अभिवृद्धिमूलक अतिरिक्त क्रियाकलापहरु संचालन गर्ने।

१४. विद्यालयको शैक्षिक गुणस्तरलाई सुदृढिकरण गर्दै शिक्षण सिकाइलाई प्रभावकारी बनाउनको लागी विद्यालयलाई प्रविधिमैत्री बनाउने, विज्ञान प्रयोगशाला र पुस्तकालयको व्यवस्था गर्ने।

१५. विद्यालयमा छात्राहरुको सेनिटरी प्याडको प्रयोग मनोभावना, व्यवहार, ज्ञान र सिपको आदान प्रदान गर्न **छात्रा संग उपाध्यक्ष कार्यक्रम** संचालन गरिनेछ ।

१६. गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थीको अनुपात हेरी शिक्षकको दरबन्दी मिलानका साथै तोकेको मापदण्ड भन्दा न्यून विद्यार्थी संख्या भएका विद्यालयलाई मर्ज गरिनेछ ।

१७. गाउँपालिका भित्र रहेका विद्यालयहरुमा क्रमश: **पढदै कमाउँदै कार्यक्रम**लाई सुचारु गर्ने नीति लिइने छ।

१८. आमा-बुबा वा संरक्षण दिने अभिभावक दृष्टि विहिन वा पूर्ण अपाङ्गता भएकाहरु पहिचान गरी उनीहरुका बालबालिकाको पठनपाठनको जिम्मा गाउँपालिकाले लिनेछ ।

१९. **उपाध्यक्ष छात्रवृति कोष** स्थापना गरी पालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत महिला दलित, जनजाति, अपाङ्ग, अल्पसंख्यक र गरिव तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृति प्रदान गरिनेछ ।

२०. **न्युन आय तथा गरिव परिवारका विद्यार्थीहरुलाई शैक्षिक समाग्री र पोसाकको व्यवस्था गरिनेछ ।**

२१. **अध्यक्ष छात्रवृत्ति कोष** स्थापना गरी गरिब तथा ज्यन्दर विद्यार्थीलाई उच्च शिक्षामा छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाइने छ।

२२. सामुदायिक विद्यालयमा प्रधानाध्यापकको छनौट लागि गाउँपालिकामा योग्यता सूची तयार गरी विज्ञ द्वारा परीक्षा लिई प्रधानाध्यापकको नियुक्ति गरिनेछ ।

२३. आधारभूत तथा माध्यमिक तह सम्मका सामुदायिक विद्यालयका निजी स्रोतमा अध्यापनरत शिक्षकहरुको व्यवस्थापनको लागी गाउँपालिकाबाट एकमुष्ट प्रोत्साहन अनुदान कार्यक्रमलाई निरन्तरता दिई पारिश्रमिकमा वृद्धि गरिनेछ ।

२४. प्रत्येक दुई दुई महिनामा सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरुको संयुक्त बैठक गाउँपालिकामा बस्ने व्यवस्था मिलाइनेछ ।

२५. शिक्षण सिप आदान प्रदानका लागि सामुदायिक र संस्थागत विद्यालयका विषयगत शिक्षकहरु विच शिक्षण सिप आदान प्रदान गर्ने व्यवस्था मिलाईने छ ।

२६. शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयका शिक्षक, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिहरुलाई जिम्मेवार बनाउन विशेष कार्यक्रम ल्याईनेछ ।

२७. गाउँपालिकाको शैक्षिक क्षेत्रको विकासमा उल्लेखनीय भूमिका निभाएका सेवा निवृत्त शिक्षक, शिक्षा प्रेमी समाजसेवी व्यक्तिहरुलाई सम्मान गरिनेछ।

२८. विद्यार्थीहरुले आफूले निर्माण गरेका र सिकेका कुराको प्रदर्शन गर्ने अवसर पाउने गरी बार्षिक सिकाइ मेलाको आयोजना गरिनेछ ।

२९. फरक क्षमता भएका तथा आर्थिक सामाजिक रुपमा पछाडी परेका समुदायबाट आउने विद्यार्थीहरु लाई विशेष विद्यालय र आवासीय छातवृत्तिको व्यवस्था मिलाईने छ।

३०. शैक्षिक पूर्वाधारहरु निर्माण गर्दा लैङ्गिकमैत्री र अपाङ्गमैत्री संरचना हुनेगरी निर्माण गरिनेछ ।

३१. अभिभावकसंग सम्बन्ध बिस्तार गर्न प्रत्येक विद्यालयबाट टोल भेला र मासिक घरदैलो गर्ने व्यवस्था मिलाईने छ ।

३२. दरबन्दी नपुग भएका विद्यालयहरुमा स्नातक अध्ययन गरेका योग्य युवालाई उत्प्रेरित गरी **स्वयमसेवक शिक्षक**को रुपमा परिचालन गर्ने व्यवस्था मिलाईने छ ।

३३. शिक्षकको व्यवसायिक विकासमा ट्रेड युनियनमा संगठित हुने अधिकारलाई सुनिश्चित गर्दै दलगत राजनीतिमा हुने आवद्धतालाई निरुत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।

३४. विद्यार्थीको पठनपाठनलाई दृष्टिगत गरी विभिन्न समयमा हुने बन्द हडताल सभा सम्मेलन आदिमा विद्यालय बन्द गरी त्यस्ता कार्यक्रममा विद्यार्थी प्रयोग प्रवृतिलाई निरुत्साहित गरिनेछ ।

३५. स्थानीय शिक्षा समिति, शिक्षा शाखा र गाउँपालिकाले खटाएको प्रतिनिधिद्वारा विद्यालयको समग्र गतिविधिको अनुगमन र सुपरिवेक्षण मासिक रुपमा गर्ने व्यवस्था मिलाईने छ ।

३६. जनप्रतिनिधि, कर्मचारी र स्थानीयबासी रहेको विद्यालय सहयोगी समूह स्थापना गरी नियमित अनुगमन र सहयोगीको संयन्त्र बनाउने व्यवस्था गरिनेछ ।

३७. संस्थागत विद्यालयमा भईरहेका राम्रा प्रयास, उत्कृष्ट व्यवस्थापकीय अभ्यासलाई सामुदायिक विद्यालहरुको सुधारमा योगदान दिन सक्ने वातावरण निर्माण गरिनेछ ।

३८. सामुदायिक विद्यालको सबलीकरणको लागि गैर-सरकारी संस्थासंग सहकार्य गर्न प्रेरित गरिनेछ ।

३९. शिक्षा क्षेत्रका सरोकारवालाहरु संग शिक्षा क्षेत्रको विकासका लागी आवश्यक गोष्ठी, तालिम तथा अन्तरक्रियात्मक कार्यक्रमहरु संचलान गरिनेछ ।

४०. विद्यालय परिसरमा फलफूल र नगदेबालीका बोटविरुवा वृक्षारोपण गर्ने व्यवस्था गरिनेछ ।

४१. यस आर्थिक बर्ष भित्र बिद्यालयमा विधुतीय हजिर्लाई अनुगमन गरि थप प्रभावकारी गरिने छ |

४२. चालु आर्थिक वर्ष भित्र आधारभूत तहका बिद्यालयमा इमेल इन्टरनेट र कम्पुटर जडान गरिने छ |

४३. समुदायक बिद्यालयमा प्राथमिक उपचार कक्ष को निर्माण संगै क्रमश: बिद्यालय हरुमा विद्यार्थी हरुको स्वास्थ्य उपचारका लागि प्राथमिक उपचारको ब्यस्वथा गरिने छ |

## छ. भूमि व्यवस्थापन

१. भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासीको समस्या समाधान गर्न लगत संकलन, प्रमाणीकरण, जग्गा नापी र पूर्जा वितरण कार्यलाई यथाशिघ्र सम्पन्न गरिनेछ ।
२. घरबास विहीन पालिकाबासीको पहिचान गरी आवासको व्यवस्था गरिनेछ।
३. अव्यवस्थित बस्तीहरुलाई व्यवस्थित गर्न एकीकृत बस्ती विस्तार गर्न पहल गरिनेछ ।

४. कृषि, आवास, व्यवसाय, औद्योगिक, खानी तथा खनीज, साँस्कृतिक तथा पुरातात्विक, वन , सार्वजनिक उपयोग तथा खुल्ला र अन्य क्षेत्र सहित विभिन्न भागमा वर्गिकरण गरी गाउँपालिकामा भू-उपयोग नीति लागु गरिनेछ।
५. गाउँपालिका भित्रको सार्वजनिक तथा प्रति जग्गाको खोजी गरी पालिकाको मातहतमा ल्याउने व्यवस्था मिलाईने छ ।
६. भूमि बैंक स्थापना गरी  स्थानीय सरकारलाई आवश्यक पर्न सक्ने भूमिको संचित गर्ने तथा आवश्यक  संरचनाहरु निर्माणका लागी भूमीको उपयोग गरिनेछ ।
७. मोहन्याल गाउँपालिकाको सिमाना बिवादलाई समाधानको पहल गरि सिमा निर्धारण तथा सिमा बोर्ड राखिने छ |

## ज. वन, वातावरण,विपद व्यवस्थापन र उर्जा

१. **वन संरक्षण र उपभोगमा हाम्रो सहभागिता**भन्ने मान्यतामा रही प्राकृतिक स्रोधनको उपयोग, संरक्षण तथा व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता सुनिश्चित गरिनेछ ।
२. जलाधार क्षेत्र, खानी तथा खनिज पदार्थ, वन्यजन्तु संरक्षण, खानीजन्य वस्तु तथा ढुङ्गा,  वालुवा, गिट्टी, माटोको अनियन्त्रित दोहनलाई नियमन र नियन्त्रण गरिनेछ ।
३. सामुदायिक, साझेदारी, निजी, कबुलियती र राष्ट्रिय वनमा जडीबूटी खेती र मसला खेती गरिनेछ ।
४. खुल्ला क्षेत्रमा वृक्षारोपणमा जोड दिईनेछ।
५. एक सामुदायिक बन एक जडीबूटी उत्पादन कार्यक्रमलाई लागु गरिनेछ ।
६. स्थानीय सरकार र सामुदायिक वनको समन्वयमा योजना निर्माण, सामुदायिक वनको सेवाप्रवाहमा सहकार्य, कर तथा शुल्क निर्धारणमा समन्वय, वनपैदावार माथि उपभोक्ताको अधिकार र दायित्व सुनिश्चित गरिनेछ ।
७. गाउँपालिकाका सम्पुर्ण वार्डमा नर्सरी निर्माण गरी नर्सरी नाईके तालिम दिई, बिउँ, मल, सिचाईको व्यवस्था गर्न आवश्यक अनुदान प्रदान गरिनेछ ।
८. खोला किनारमा तटबन्धन गरी बेतबाँस, बाँस, डाले घाँस लगायतका बोटविरुवा वृक्षारोपण गर्ने र खोला किनारका खाली जग्गामा बृक्षारोपण गरिनेछ ।

९. एक व्यक्ति पाँच विरुवा वृक्षरोपण अभियान संचालन गर्न प्रत्येक व्यक्तिलाई फलफूल र डालेघाँसका वोटविरुवा निशुल्क उपलव्ध गराईनेछ ।

१०. उच्च मूल्य भएका बोटबिरुवाको उत्पादन गर्नका लागी सरकारी तथा गैर सरकारी क्षेत्र संग साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

११. वन तथा वातावरण क्षेत्रका सरोकारवालाहरु संग वन तथा वातावरण क्षेत्रको विकासका लागी आवश्यक भ्रमण, गोष्ठी, तालिम तथा अन्तरक्रियात्मक कार्यक्रमहरु संचलान गरिनेछ ।

१२. **विपद व्यवस्थापन स्थानीय सरकारको जिम्मेवारी** नीति अवलम्वन गरी विपदको पूर्व तयारी र न्यूनिकरण, विपदको समयमा राहत र उद्धार तथा विपद पछिको पुन:निर्माणका लागि सम्पुर्ण सरोकारवालाहरु को समन्वयमा कार्यक्रम संचालन गरिनेछ ।

१३. गाउँपालिका विपद व्यवस्थापन कोष खडा गरिने छ ।

१४. पूर्व तयारीका सम्पूर्ण गतिविधि, मानव संसाधन व्यवस्था, तालिम तथा क्षमता विकास, विपदको समयमा राहत र उद्धार, उद्धार केन्द्रहरुको स्थापना र औजार, साधन, स्रोतको व्यवस्था, स्वयंसेवक लगायत द्रुत उद्धार टोलीको व्यवस्था, सरोकारवालाको समन्वय र सहजीकरण लगायतका कार्यसम्पादन गर्न तयारी अवस्थामा राख्न गाउँपालिका विपद व्यवस्थापन समितिको स्थापना गरिनेछ ।

१५. उज्यालो मोहन्याल कार्यक्रम संचालन गरी मोहन्यालका हरेक घरमा ५ वर्ष भित्र बत्ति बालिनेछ ।

## झ. संस्कृति तथा पर्यटन

**१.** गाउँपालिका क्षेत्र भित्र रहेका समस्त जातजाती, भाषा, धर्म, कला, संस्कृतिको संरक्षण र प्रतिनिधित्व हुने गरी मोहन्याल सांस्कृतिक सङ्ग्रहालयको स्थापना गरिनेछ ।

२. आमपानी, राजकाँडा, चिसापानी र पितमारीलाई टुरिजम हबको रुपमा विकास गर्न तथा पर्यटन आकर्षण बिच टुरिजम लिङ्केज विकास गर्न पैदलमार्ग,सडक, भ्यू प्वईन्ट, बौद्ध गुम्बा र स्तुपा, शालिक, पार्क, आराम गृह, खानेपानी, सार्वजनिक शौचालय निर्माण गरी व्यवस्थापन समिति मार्फत संरक्षण र प्रवर्द्धन गरिनेछ।

३. कर्णाली कोरिडोर पर्यटन प्रवर्द्धनका लागि विभिन्न स्थानीय सरकार संग समन्वय गरी नदीमा र्याफ्टिङ, समुदायमा होमस्टे, होटल तथा यातायत व्यवस्थापन लगायत विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछन।

४. युद्ध पर्यटनलाई प्रवर्दधन गर्न जनयुद्ध स्मारक पार्क, पण्डौन बजाडीमा निर्माण गरिनेछ।

५. त्रिवेणी धाम, मोहन्याल मन्दिर, छडि देवता, मालिका मन्दिरहरु, जालपा मन्दिर आदिको संरक्षण तथा सम्वर्दधन गरिनेछ ।
६. पंचेबाजाको संरक्षण, सम्बर्दन र तालिमको व्यवस्था गरिनेछ ।
७. स्थानीय भाषा, साहित्य, कला र संस्कृतिको जगेर्ना गरिने छ र सो क्षेत्रमा संलग्न व्यक्तिहरुलाई विशेष प्रोत्साहनको व्यवस्था गरिनेछ ।
८. पालिकामा रहेका पर्यटकीय स्थलहरुको पूर्वाधार निर्माण, होमस्टे संचालन, ध्यान केन्द्र, योग केन्द्र, सांस्कृतिक अध्ययन केन्द्र र कला केन्द्र आदिको विकासमा जोड दिईनेछ ।
९. धार्मिक धरोहरहरुको अभिलेखीकरण गरी संरक्षण गरिनेछ ।
१०. प्राकृतिक, धार्मिक तथा सांस्कृतिक पर्यटनको विकासमा जोड दिइनेछ ।
११. सबै जात-जाति तथा धर्मका धार्मिक आस्थाका क्षेत्रलाई पर्यटन आकर्षण केन्द्रका रुपमा विकास गरिनेछ ।
१२. मोहन्याल गाउँपालिका पर्यटन विकास समितिको गठन गरिनेछ ।
१३. समुदायमा आधारित पर्यटन क्रियाकलापलाई प्रवर्धन गरिनेछ ।
१४. पर्यटन प्रवर्धनका लागि पर्यटक गाइड तालिम लगायतका विभिन्न तालिमहरु संचालन गरिनेछ ।
१५. प्राकृतिक, धार्मिक तथा सांस्कृतिक पर्यटन स्थलसम्म जाने सडक सञ्जालको विकास गरिनेछ ।
१६. पशुपालन, मत्स्यपालन फर्महरुलाई पर्यटनमैत्री रुपमा विकास गरिनेछ ।
१७. राजकाँडा लगायतका पर्यटकीय क्षेत्रमा प्याग्लाडिङको सम्भाव्यता वारे अध्ययन गरिनेछ ।
१८. संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागी मेला तथा महोत्सव आयोजना गरिनेछ ।
१९. घोडा दाउने पोखरी, पाल्सा, पितमारी, राँजकाँडा, सुगरखाल मालिका, आमपानी, चोसेकाँडा मालिका, बजाडी केदार केदारेश्वर मन्दिर, मोहन्याल मन्दिर, खिमडी शिव मन्दिर, मोहन्याल मन्दिर त्रिवेणीधाम बडीगाउँ सोल्टा, फलाटे मगर गुफा फलेबिसौना,गैरीलेख, टुटुवा देखी सिलागाडे पदमार्ग, झोलुङ्गेपुल पोखरी र पण्डौन युद्ध पर्यटकीय क्षेत्रको पर्यटकीय पूर्वाधार निर्माण तथा संरक्षणमा पहल गरिनेछ । उक्त पर्यटकीय क्षेत्रको संरचना निर्माण र संरक्षणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

## ञ. महिला तथा बालबालिका

१. **विभेद मुक्त समाज: सुरक्षित समाज**नीति अबलम्वन गरी बाल अधिकार तथा महिला अधिकारको रक्षा र सुनिश्चितता गरिनेछ ।
२. **बाल कल्बहरु गठन** गरी बालबलिकाको सर्वाङ्गिण विकासमा टेवा पुग्ने गरी कार्यक्रमहरु संचालन गरिनेछ । बाल मजदुर, बालहिंसा, बालविवाह तथा बाल यौन दुराचार, दुर्व्यवहार र शोषणविरुद्धका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
३. एक वडा एक बाल विकास केन्द्रको स्थापनाको नीति लिइने छ । प्रतिभावान बालबालिकाका लागि बालप्रतिभा पुरस्कारको स्थापना गरिनेछ ।
४. पालिकास्तरीय महिला संजालको गठन गरी महिलाहरुको सशक्तिकरण, सामाजिक सुरक्षा र रोजगारका लागि कार्यक्रमहरु संचालन गरिनेछ । महिलाको शिक्षा, सिप, रोजगारी तथा पारिश्रमिकमा समान अवसर प्रदान गरिनेछ ।
५. महिला माथि हुने हिंसाको अन्त्य तथा पिडित महिलाको कानुनी उपचारको व्यवस्था गरिनेछ ।
६. महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने सरोकारवालाहरु संग आवश्यक गोष्ठी, तालिम तथा अन्तरक्रियात्मक कार्यक्रमहरु संचलान गरिनेछ ।

## ट. युवा र खेलकुद

१. **स्वस्थ र सिपयुक्त युवा विकासका साझेदार** नारालाई आत्मसात गर्दै युवाहरुको अनुशासित र व्यवसायिक खेल जीवनको विकास, रोजगारीको सृजना एवं युवाहरुको सर्वाङ्गीण विकासमा जोड दिईनेछ ।
२. मोहन्याल गाउँपालिकामा पालिका स्तरीय खेलकुद विकास समिति र प्रत्येक वडामा वडा खेलकुद विकास समिति गठन गरिनेछ ।
३. विद्यालय तथा क्लवहरुलाई बालबालिकाको खेल जीवनको आधार स्तम्भको रुपमा विकास गर्न खेलकुद समाग्रीहरु वितरण गरिनेछ ।
४. पालिका स्तरिय खेलकूद एकेडेमीको स्थापना गरीनेछ ।
५. पालिका स्तरिय खेलकूद रङ्गशालाको निर्माणका लागी पहल गरिनेछ ।
६. प्रत्येक वडामा सहज पहुँच हुने गरी खेलमैदान र व्यायामशालाको व्यवस्था गरिनेछ ।
७. प्रत्येक बर्ष प्रत्येक वडाहरुमा **वडा अध्यक्ष कप खेलकुद प्रतियोगिता** संचालन गरिनेछ ।
८. प्रत्येक बर्ष पालिका स्तरीय **अध्यक्ष कप खेलकुद प्रतियोगिता** संचालन गरिनेछ ।

९. प्रतेक वर्ष पालिका स्तरीय उपाध्यक्ष बलिबल प्रतियोगिता संचालन गरिने छ |
१०. जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा उत्कृष्ट भई छानिएका खेलाडीहरुलाई भत्ता तथा पारिश्रमिकको व्यवस्था गरिने छ ।
११. खेलाडी तथा खेल प्रशिक्षकको सामाजिक सुरक्षा र प्रोत्साहनको व्यवस्था गरिनेछ ।
१२. खेलकुद सामाजिक विकास, वातावरण संरक्षण, विपद तथा प्रकोप व्यवस्थापन, आर्थिक तथा सामाजिक रुपान्तरणका क्षेत्रमा युवाहरुलाई स्वयमं सेवकको रुपमा परिचालन गरिनेछ। यसका लागि विषयगत स्वयमसेवक समुह खडा गर्ने तथा आवश्यक कार्यविधि समेत तयार पारिनेछ ।
१३. युवा स्वयम सेवक परिचालन गर्दा गाउँपालिका अध्यक्षको नेतृत्वमा परिचालन गर्ने रणनीति तयार गरिनेछ ।

१४. युवाहरुको क्षमता प्रष्फुटनका लागी युवा परिचालन कार्यक्रम संचालन गरिनेछ ।
१५. लैङ्गिक समानता र सशक्तिकरण, लागुपदार्थ दुर्वयसन, सकारात्मक सोच, मनोसामाजीक परामर्श जस्ता कार्यक्रम युवा केन्द्रित कार्यक्रम संचालन गरिनेछ ।
१६. गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाई सहज हुने गरी लोकसेवा तयारी कक्षा, जङ्गी तथा प्रहरी सेवा कक्षा तथा भाषा शिक्षा कक्षा संचालनको व्यवस्था गरिनेछ ।
१७. शिक्षित, सिपयुक्त र उद्यमशिल युवाशक्तिलाई पालिकाको मानविय पुँजीको रुपमा स्वीकार गरी, मानविय पुँजी विकासका कार्यक्रम संचालन गरी पालिकाको समग्र विकासमा परिचालन गरिनेछ ।
**१८.** युवा पुस्तालाई विदेश पलायनबाट रोक्न तथा बेरोजगार युवाहरुको तथ्याङ्क संकलन गर्ने र उक्त युवाहरुको समूह निर्माण गरी सामूहिक रुपमा व्यवसाय गर्न उत्प्रेरित गरिनेछ

## ठ. सामाजिक सुरक्षातथा पंजीकरण

१. **कोखदेखि शोकसम्म एकिकृत कार्यक्रम** नीति अवलम्वन गरी एकिकृत सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिनेछ ।
२. **ज्येष्ठ नागरिकलाई घरमै भत्ता घरमै स्वास्थ्योपचार कार्यक्रम** लागू गरिनेछ ।
३. समाजको विकासमा अतुल्नीय योगदान पुर्याउनु हुने १० जना ज्येष्ठ नागरिकलाई प्रत्येक बर्ष ज्येष्ठ नागरिक दिवसको अवसरमा सम्मान गरिनेछ ।
४. अपाङ्गहरुको लागि आवश्यक स्रोत साधन (फोल्डिङ्ग स्टिक, हुवीलचेयर, श्रवण यन्त्र) उपलव्ध गराईनेछ ।
५. जातीय विभेद, लैङ्गिक विभेद र वर्गीय विभेदको अन्त्य गर्न विशेष पहल गरिने छ।

६. छुवाछुत प्रथा, छाउपडी प्रथा, बालविवाह, बहुविवाह, अनमेल विवाह विरुद्ध व्यापक जनचेतना तथा जागरणका लागी कार्यक्रम लागु गरिनेछ ।
७. गरिव तथा अति विपन्न वर्गलाई कानुनी परामर्शमा लाग्ने शुल्क छुट गरिनेछ ।
८. महिला सशक्तीकरणका लागी विभिन्न सरकारी तथा गैर-सरकारी संस्थाको समन्वयमा कार्यक्रम संचालन गरिनेछ । लैङ्गिक हिंसाविरुद्ध चेतना अभवृद्धि तथा महिला हक, अधिकारको संरक्षण गरिने छ ।
९. हत्या, हिंसा, बलात्कारजस्ता जघन्य अपराधलाई कडाइका साथ नियन्त्रण गरिनेछ।
१०. उपभोक्ताको हितलाई ध्यानमा राखी सुलभ र सस्तो दरमा आपूर्ति हुने व्यवस्था मिलाई उपभोक्ता अधिकार सुनिश्चत गरिनेछ।
११. पेसागत तथा राजनीतिक अभीष्ट प्राप्तिका लागि बन्द, हडताल रोक्न पहल गरिने छ ।

## ङ. जनजाती तथा दलित

१. आर्थिक अवस्था न्यून भएका दलित तथा जनजातिलाई विना धितो ऋण तथा सहुलियत कर्जामा पहुँच अभिवृद्धि गरी रोजगारी सृजना गरी गरिवी निवारणमा टेवा पुर्याईने छ ।
२. जातिय छुवाछुत र विभेदलाई सामाजिक अपराधको रुपमा लिदै शून्य सहनसिलताको नीतिको अवलम्वन गरी सबै प्रकारका हिंसा, विभेद र शोषणको अन्त्य गर्न पहल गरिने छ ।
३. आदिबासी, दलित तथा जनजातिहरुको भाषा, धर्म, संस्कृति, कला र परम्परालाई प्रवर्द्धन तथा सम्वर्द्धन गरिनेछ।
४. आदिबासी, दलित तथा जनजातिहरुको शिक्षा, सिप, स्वास्थ्य र रोजगारीका अवसरमा पहुँच बृद्धि गरिनेछ ।

## ढ. उद्योग तथा स्वरोजगार

१. **उद्यमशीलता र उद्योगको विकास : गाउँपालिकाको आत्मनिर्भर अर्थतन्त्रको आधार** नीति अवलम्वन गरी पालिका भित्र उद्यमको विकास, उद्यमीको लगानी सुरक्षा र थप रोजगारीका अवसरहरु श्रृजना गरिनेछ ।
२. संविधान तथा स्थानिय सरकार संचालन ऐनले दिएको अधिनमा रहि सबै प्रकारका उद्योगहरुको व्यवस्थापनका लागी एकिकृत नीति तर्जुमा गरी उद्योगीहरुलाई व्यवस्थित गरिनेछ। न्यूनतम १० जना पालिकाबासी रोजगार दिने उत्पादनमुलक उद्योगहरु चालु बर्षमा सुरु भएमा आगामी ४ बर्ष सम्म लाग्ने व्यवसायिक करमा ३०% सम्म छुट दिने व्यवस्था मिलाईने छ ।

३. लघु उद्यममा लगानी प्रोत्साहन गर्ने नीति अवलम्वन गरी लघु उद्यममा बेरोजगार युवा र महिलाको सहभागिता  बृद्धि गराइने छ ।
४. लक्षित वर्गलाई सिप विकास तालिम र स्वरोजगार एवं आय आर्जन सम्बन्धी विशेष कार्यक्रममा समावेश गरिनेछ ।
५. परम्परागत प्रविधिर सिपमा आधारित घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धनमा जोड दिने नीति अवलम्वन गरिनेछ ।
६. गाउँपालिकामा रहेको सिपयुक्त जनशक्ति र बेरोजगारको तथ्याङ्क संकलन गरी अभिलेख व्यवस्थापन र श्रममा आधारित काममा परिचालित गरिनेछ ।
७. उद्योग क्षेत्रमा लगानी प्रवर्द्धनका लागि कर छुट तथा सहुलियतको व्यवस्था गरिनेछ ।
८. आयआर्जन तथा सिपमुलक तालिम संचालनका लागि आवश्यक व्यवस्था गरिने छ |
९. महिला सशक्तिकरण तथा स्वरोजगार कार्यक्रम संचालन गर्ने ।
१०. प्रधानमन्त्री युवास्वरोजगार कार्यक्रमलाई व्यवस्थित गर्ने।
११. स्वरोजगार युवा व्यवसायीलाई राजस्व छूटको व्यवस्था गर्न।
१२. नविन उद्यमको खोजी गर्न अनुसन्धान मूलक युवा उद्यमशिलता कार्यक्रमको प्रवन्ध गरिनेछ ।

## ण. लागुपदार्थ दुर्व्यसनी नियन्त्रण

१. **दुर्व्यसनमुक्त समाज :** मोहन्यालको सनौलो भविष्यको आधार नीतिलाई अवलम्वन गरी युवाहरुमा फैलिएको लागू पदार्थ दुर्व्यसन, मादक पदार्थको जथाभावि विक्रि वितरण र असहज र हिंसात्मक गतिविधि नियन्त्रण गर्न कार्यक्रम संलालन गरिनेछ छ ।
२. गाउँपालिकामा लागुपदार्थ दुर्व्यसनी नियन्त्रणका लागी जनचेतनामूलक कार्यक्रम, गोष्ठी, तालिम र अभियानहरु संचालन गर्न स्थानीय सरोकारवालाहरु संग समन्वय गरिनेछ ।

## त. योजना तर्जुमा, तथ्याङ्क प्रणाली, अनुगमन तथा अनुसन्धान र विकास

१. गाउँपालिकाको समग्र विकासको खाका कोर्नका लागि  गाउँपालिका अध्यक्षको अध्यक्षतामा गाउँपालिका योजना आयोगको निर्माण गरिनेछ ।
२. गाउँपालिकाको प्रोफाईल तयार गरिनेछ ।
३. गाउँपालिकाको विकासलाई दिशानिर्देश गर्न आवधिक योजना, यातायात गुरुयोजना, पर्यटन विकास योजना निर्माण गर्ने व्यवस्था मिलाईने छ ।
४. मोहन्याल गाउँपालिकालाई पूर्वाधारको हिसावले सक्षम, सामाजिक सूरक्षाको हिसावले समतामूलक र सेवा प्रवाहको हिसाबले सुशासनयुक्त बनाउनसबै खाले योजना निर्माण तथा कार्यक्रम संचालन गर्दा त्यसको गुणस्तरीयता (Quality), वातावरणिय अनुकुलता (Environmental Adaptation) , सामाजिक न्याय

(Social Justice)र दिगो एवम् सन्तुलित विकास (Sustainable and Balanced Development) लाई प्रथम प्राथमिकतामा राखि अधिकतम् प्रतिफल दिने योजना/कार्यक्रमकाई छनौट गर्ने नीति अबलम्बन गरिनेछ।

५. गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने सबै विषयगत तथा क्षेत्रगत योजना/परियोजना/कार्यक्रमहरूको निर्धारित गुणस्तर, मापदण्ड र समय सिमाको सुनिश्चितता गर्न, सम्भावित जोखिम र त्यसले पार्न सक्ने प्रभाव लेखाजोखा गरी समयमा नै क्षती न्यूनिकरण पूर्व तयारी गर्न, विकास निर्माणसँग सम्बन्धित सबै सरोकारवालालाई अनुशासित, मर्यादित, जिम्मेवार र कर्तब्यनिष्ठ बनाउन, आर्थिक अनुशासन र वित्तीय पारदर्शिता कायम राख्दै बढीभन्दा बढी लागत प्रभाकारिता (Best Value for Money) कायम गर्न योजनाको ल्याब परीक्षणरअनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाईदै लगिनेछ।

६. आर्थिक वर्षको अन्त्य र मध्यतिर योजना/कार्यक्रम परिवर्तन गर्ने तथा बजेट रकमान्तर गर्ने कार्यलाई निरुत्साहीत गरिने छ । साथै, योजना/कार्यक्रम परिवर्तन/संशोधन गर्दा साविकको योजना/कार्यक्रमको प्रभावकारीता भन्दा कम प्रतिफल दिने योजना/कार्यक्रमहरुलाई परिवर्तन गर्न नपाईने नीति अवलम्बन गरिने छ।

७. भुक्तानी प्रकिया तथा योजनाको गुणस्तर अभिबृद्धि गर्न उपभोक्ता समितिका पदाधिकारीलाई अभिमुखीकरण तालिमलाई निरन्तरता दिईनेछ।

८. समाजका विभिन्न आयाममा खोज तथा अनुसन्धान गर्न चाहनेहरुका लागि अनुदान व्यवस्था मिलाईने छ।

## थ. राजश्व परिचालन सम्बन्धी नीति

१. सरल र सहज कर कानून निर्माण गरी करको दायरा फराकिलो गरी न्युनतम करको दरबाट अधिकत्म राजश्व संकलन गर्ने नीति अवलम्वन  गरिनेछ।

२. गाउँपालिकको वेरुजुलाई वेरुजुलाई घटाँउदै लगिनेछ।

३. भूमिकर(मालपोत), मालपोत तथा सम्पतिकरलाई समय सापेक्ष बनाउदै वडास्तरवाटै राजश्व संकलन कार्यलाई निरन्तरता दिईने छ।

४. गाउँपालिकाको आन्तरिक आय वृद्धि गर्नका लागि राजश्व तथा करका विभिन्न क्षेत्रहरुको पहिचान गरी कर योग्य व्यवसायलाई करको दायरामा ल्याईनेछ।

५. गाउँपालिकाको राजश्व तथा कर सम्बन्धी नीति एवं कानुन निर्माण गर्दा निजी व्यवसायी, उद्यमी, नागरीक समाज सहित सरोकारवालाहरु संग व्यापक छलफल गरिनेछ।

६. गाउँपालिका क्षेत्र भित्र पर्ने नदी तथा सार्वजनिक स्थलबाट बालुवा, ग्राभेल, माटो र ढुंगा उठाउने कार्यलाई दिगो वातावरण मैत्री बनाउदै राजश्व परिचालनको प्रमुख आधारको रुपमा विकास गरिने छ ।
७. राजश्व संकालनलाई थप प्रभावकारी बनाउन करदाता शिक्षा तथा उत्कृष्ट करदाता सम्मान कार्यक्रम जस्ता कार्यक्रम संचालन गरीनेछ ।

## द. न्यायीक समिति तथा कानुनी मामिला सम्बन्धमा

१. गाउँपालिकाको न्यायीक समितिबाट छिटो छरितो र पारदर्शि रुपमा न्यायिक कार्य सम्पादन गर्न न्याय प्रणालीलाई स्वतन्त्र, पार्दर्शी, पहुँच योग्य, सक्षम एवं विश्वसनीय बनाईने छ।
२. मेलमिलाप सम्बन्धी विद्यमान प्रक्रियालाई थप स्पष्टताका साथ अगाडी बढाउन नयाँ कानुन, कार्यविधि, मापदण्डको अध्ययन, अनुसन्धान एवं मष्यौदा तयार पारिनेछ।
३. वडा तथा समुदाय स्तरमा मेलमिलाप केन्द्र स्थापना गरी सहज रुपमा न्याय व्यवस्था मिलाईने छ ।

## प. टोल विकास संस्था

१. टोल विकास संस्थाहरुलाई गाउँपालिकाको विकासमा सहभागि गराउन र संस्थाहरुको क्षमता बढाउन निश्चित रकम छुट्याईने छ ।
२. स्थानीय आमा समुह, यूवा क्लव, सांस्कृतिक क्लव, किशोर किशोरी समुह, ज्येष्ठ नागरिक संग समन्वय गरी समुदायबाट आवश्यकता र योजनाको पहिचान गरी जनसहभागिता मार्फत योजनाको कार्यन्वयन गरिनेछ ।

## फ. शान्ती सुरक्षा

१. पालिका भित्रका आवश्यक ठाउँहरुमा प्रहरी चौकी स्थापनाका लागी पहल गरिनेछ ।
२. गाउँपालिका भित्रका आवश्यक क्षेत्रहरुमा स्थाई तथा अस्थाई प्रहरी पोष्ट/बिटको स्थापनाका लागी पहल गरिनेछ ।
३. सुरक्षाको दृष्टिकोणले जोखिम रहेका खोला, सडक र बनहरुको पहिचान गरी सुचनाको प्रवाहको लागि सुचना बोर्डहरुको व्यवस्थापन गरिनेछ ।

## ब. सुशासन तथा संस्थागत विकास

१. भ्रष्टचार विरुद्ध शून्य सहनशिलताको नीति अवलम्वन गरिनेछ ।
२. गाउँपालिकाको सेवा प्रवाहमा थप सहजता गर्न नागरिक सहायता कक्ष स्थापना गरी संचालनमा ल्याईनेछ ।

३. आगामी आर्थिक बर्षमा आयोजनामा छुटाईएको ७०% रकम चैत्र मसान्त भित्र खर्च सुनिश्चितताका लागि गाउँपालिकाको आन्तरिक नियन्त्रण परिचालन गरिनेछ ।
४. सम्पुर्ण सरकारी कार्यलयहरुमा नागरीक वडापत्रको व्यवस्था गरिनेछ ।
५. गाउँपालिकाका वडा कार्यालयहरुलाई सुविधा सम्पन्न बनाउने तथा गाउँपालिका र वडाकार्यालयका आम्दानी तथा खर्चका हिसाब सफ्टवेयर मार्फत व्यवस्थापन गरी पारदर्शी बनाईनेछ ।
६. आन्तरीक लेखा परिक्षणलाई प्रभावकारी बनाईनेछ ।
७. योजनाको अनुगमन प्रणालीमा स्थानीय सरोकारवालाहरुको सहभागितालाई सुनिश्चित गरिनेछ ।
८. गाउँपालिकाबाट संचालित गतिविधि, विकास कार्यक्रम र सेवा प्रवाहको सार्वजनिकीकरण गरी पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गरिनेछ ।
९. प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई परिणाममूखी हुने गरी लागु गरिनेछ ।
१०. प्रत्येक सार्वजनिक कार्यलयमा गुनासो पेटीका राखिनेछ ।
११. विकास योजना तथा कार्यक्रमको लागत खर्च सहितको सुचना बोर्डको व्यवस्था अनिबार्य गरिनेछ ।
१२. विकास योजना तथा कार्यक्रमकोसार्वजनिक सुनुवाई गरिनेछ ।
१३. गाउँपालिकाको सुशासन तथा संस्थागत विकासका लागि आवश्यक कानुन ऐन, नियम, नियमावली, कार्यविधिर निर्देशिका आदिको निर्माण तथा अक्षरंश कार्यान्वयन गरिनेछ ।
१४. गाउँपालिकालाई आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन र दरबन्दीको सृजना संस्थागत आवश्यकताको आधारमा गरिनेछ ।
१५. उत्कृष्ट कार्य गर्ने गाउँपालिकाका कर्मचारी, करदाता, उपभोक्ता समिति, विद्यालय व्यवस्थापन समिति, टोल विकास समिति तथा संचारकर्मिलाई पुरुस्कृत गर्ने पद्धतिको थालनी गरिनेछ ।
१६. गाउँपालिकाको सेवा प्रवाहमा गुणात्मक तथा परिणात्मक सुधारका लागि सवै विषयगत शाखालाई साधन स्रोत युक्त बनाईने छ ।
१७. सार्वजनिक खरिद योजनालाई पारदर्शी, मितव्ययी र प्रतिस्पर्धात्मक बनाउँदै संस्थागत सुशासन कायम गर्न निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुको प्राविधिक तथा आर्थिक क्षमता, पूर्व कार्यसम्पादन स्थिति, कामको गुणस्तर र समयावधि, कार्यान्वयनमा रहेका योजनाहरुको ठेक्का सम्झौता र कार्यान्वयनको स्थिति सहितको विद्युतीय प्रोफाईल तयार गरि संचालनमा ल्याईनेछ ।

## भ. सूचना तथा संचार

१. सबै टोल र गाउँमा फोन तथा इन्टरनेटको सुबिधा पुर्याउन आवश्यक पहल गरिनेछ ।
२. हेलो उपाध्यक्ष कार्यक्रम संचालन गरी जनगुनासो पहिचान तथा समस्याको समाधान गरिनेछ ।
३. सूचनाको हकलाई पूर्णरुपमा सुनिश्चित गरिनेछ ।
४. गाउँपालिका भित्र संचारका माध्यमहरु संचालन गर्न प्रोत्साहन अनुदानको व्यवस्था गरिनेछ ।
५. कार्यालय सञ्चालनका लागि आवश्यकपर्ने सफ्टवेयर खरिद गरि सञ्चालन गरिनेछ ।
६. गाउँपालिकालाई सूचना प्रविधि मैत्रि बनाइनेछ ।
७. चालु आ.व.मा **ICT** तालिम सञ्चालन गरिनेछ ।
८. EFT प्रणाली मार्फत् भुक्तानी दिने व्यवस्था मिलाइनेछ ।
९. पालिका भरी रहेका सम्पूर्ण आवश्यक ठाउंहरुमा संकेत बोर्ड हरुको व्यवस्था गरिने छ |
१०. अगामी १वर्ष भित्र यस मोहन्याल गाउँपालिका अन्तर्गतका सबै संस्थाहरुमा द्रुत गतिको इन्टरनेट उपलब्ध गराउन सम्बन्धित पक्षसँग पहल गरी सहकार्य गरिनेछ ।

## म. विपद व्यवस्थापन:

१. भविष्यमा आइपर्ने विपदहरु व्यवस्थापनका लागि विपद व्यवस्थापन कोषलाई सुदृढ गरिनेछ।
२. विपद व्यस्थापन स्थानीय सरकारको जिम्मेवारी नीति अबलम्बन गरि विपदको पुर्व तयारी र न्यूनीकरण , विपदको समयमा राहत र उद्दार तथा विपद पश्चिको कुनै निर्माणका लागि सम्पूर्ण सरोकारवालाको समन्वयमा कार्यक्रम संचालन गरिने छ |
३. पुर्व तयारीका सम्पूर्ण गतिबिधि, मानव संसादन व्यवस्था , तालिम तथा क्षमता विकाश , विपदको समयमा राहत र उद्धार , उद्धार केन्द्रहरुको स्थापना र औजार , सादन स्रोतको व्यवस्था स्वयम् सेवक लगायत द्रुत उद्दार टोलीको व्यवस्था सरोकारवालाको समन्वय र सहजीकरण लगायतका कार्य सम्पादन गर्न तयारी अवस्थामा राख्न गाउँपालिका विपद व्यवस्थापन समितिलाइ चुस्त दुस्त बनाइने छ |

**य. पञ्जिकरण व्यवस्थापनः**

१. ७ वटै वडामा हुने सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता विवरणको अभिलेखलाई व्यवस्थित गरिनेछ । यस कार्यको लागि तालिम तथा अभिमुखीकरणको समेत व्यवस्था गरिनेछ।

२. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तालाई पूर्णत:Online System मा परिणत गरिनेछ ।

४. ६८ वर्ष माथिका ज्येष्ठ नागरिकहरुको सामाजिक सुरक्षा भत्ता घर मै पुगी वितरण गरिने व्यवस्था मिलाइनेछ।

**आदरणीय यसदशौँ गाउँ सभाका सम्पूर्ण सदस्य ज्यूहरु**

अब म आर्थिकवर्ष २०७९।०८० को बजेट को बिश्लेषणात्मक विवरण प्रस्तुत गर्न चाहन्छु ।

| **क्र. सं.** | **वजेट शिर्षक विवरण** | **श्रोत** | **अनुमानित रकम** |
|---|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान | नेपाल सरकार | १०,२७,००,०००/- |
| २ | राजश्व वाडफाड | नेपाल सरकार | ११,४७,५२,०००/- |
| ३ | वित्तीय समानीकरण अनुदान | प्रदेश सरकार | ६९,६०,०००/- |
| ४ | सवारी साधन कर (राजस्व बाँडफाँड) | प्रदेश सरकार | ३४,८०,०००/- |
| ५ | सशर्त अनुदान चालु | नेपाल सरकार | १८,१२,००,०००/- |
| ६ | सशर्त अनुदान पूँजीगत | नेपाल सरकार | २,८९,००,०००/- |
| ७ | समपुरक अनुदान | नेपाल सरकार | ०/- |
| ८ | विशेष अनुदान | प्रदेश सरकार | ०/- |
| ९ | समपुरक अनुदान | प्रदेश सरकार | ०/- |
| १० | आन्तरिक राजश्व | मोहन्याल गाउँपालिका | ५००००००/- |
| ११ | गत वर्षको अ.ल्या. | मोहन्याल गाउँपालिका | ५००००००/- |
| | **जम्मा** | | **४४७९९२०००/-** |

आदरणीय यस गाउँ सभाका सम्पुर्ण सदस्य ज्यूहरु अब म यस गाउँपालिकाकोआ.ब.२०७९/०८० को लागि व्यय अनुमान प्रस्तुत गर्न चाहन्छु ।

| संकेतनं. | शीर्षक | आ.व.२०७९/०८० को अनुमान |
|---|---|---|
| १० | **आर्थिकविकास** | **७७७९७९३** |
| | अध्यक्ष कृषि आधुनिकीकरण कार्यक्रम | ४००३६६७ |
| | भुमि व्यवस्था सामग्री व्यवस्थापन | २७७६१२६ |
| | पर्यटन | १०००००० |
| २० | **सामाजिकविकास** | **२८३४९१००** |
| | शिक्षा | १५०००००० |
| | स्वास्थ्य | ४०००००० |
| | स्वास्थ्य विमाकार्यक्रम | १०००००० |
| | खेलकुद तथा मनोरञ्जन | ५००००० |
| | महामरी रोग नियन्त्रण | ५००००० |
| | लैससास कार्यक्रम | १०००००० |
| | खानेपानी सरसफाइ तथा स्वच्छता इकाई सञ्चालन | ५००००० |
| | वडा स्तरीय चालू कार्यक्रम | ५३४९१०० |
| | न्यायिक समिति व्यवस्थापन | ५००००० |
| ३० | **पूर्वाधारविकास** | **१०९६६००००** |
| | वडा स्तरीय पूँजीगतयोजना | ३६४००००० |
| | समपूरक साझेदारी | २००००००० |
| | लिफ्ट सिंचाइ आयोजना | १००००००० |
| | गाउँपालिका प्रशासनिक भवन निर्माण | ५०००००० |
| | गाउँपालिका स्तरीय पूँजीगत योजना | २१३६०००० |
| | समपूरक साझेदारी भुक्तानी दिन बाँकी योजना | ६९००००० |
| | बहुवर्षीय सडक निर्माण | १०००००० |
| ४० | **वातावरणतथा विपद व्यवस्थापन** | **२०००००००** |

| | | |
|---|---|---|
| | विपद व्यवस्थापन | २०००००० |
| **५०** | **संस्थागतविकास, सेवा प्रवाह र सुशासन** | **१५०००००** |
| | परीक्षा सञ्चालन | ५००००० |
| | कर्मचारी कल्याणकारी कोष | १०००००० |
| **६०** | **समपुरकअनुदान** | **०** |
| **७०** | **कार्यालयचालु** | **८८६०३१०७** |
| **८०** | **सशर्तअनुदान** | **२१०१००००००** |
| | **जम्मा** | ४४७९९२००० |

बजेट आफै तथ्यमा आधारित अनुमान हो । यसको लक्ष्य प्राप्तिका लागि हाम्रो एक्लै प्रयासले सम्भव छैन । तसर्थ गाउँसभाका सम्पुर्ण सदस्य ज्यूहरु, कर्मचारी साथीहरु, राजनैतिक दल,संघ, संस्था, विकास साझेदार र आम जनसमुदायहरुको प्रयास बाट मात्र सम्भव छ। समग्र मोहन्याल गाउँपालिकाको विकासबाट समृद्धि प्राप्तिको लक्ष्यलाई ठोस रुपमा अगाडिबढाउँदै तर्जुमा भएका योजनाहरुलाई प्रभावकारी र वैज्ञानिक रुपमा कार्यान्वयन गर्न सबै तिरबाट सहयोग हुनेछ भन्नेमा पूर्ण विश्वस्त छु ।

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुर्याउनु हुने सम्पूर्ण कार्यपालिकाका सदस्य ज्युहरु, राजनैतिक दलका प्रतिनिधिहरु, आम जनसमुदाय, दाजु-भाइ तथा दिदी-बहिनीहरु र राष्ट्रसेवक कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु ।मोहन्यालको विकास प्रकृयामा सहयोग उपलब्ध गराउने नेपाल सरकार,सुदूरपश्चिम प्रदेश सरकार,दातृ निकाय, संघ-संस्था तथा निजी क्षेत्र प्रति म मोहन्याल गाउँपालिकाको तर्फबाट हार्दिक आभार प्रकट गर्दै, आगामी दिनहरुमा पनि निरन्तर रुपमा अटुट सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ।

कमल बहादुर साउँद
का.बा अध्यक्ष
मोहन्याल गाउँपालिका
खिमडी, कैलाली ।